**आकाशवाणी समाचार- नेपाली**

मितिः २९ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

1. उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज एक दिवसीय भ्रमणमा पुडुचेरी पुग्नुहुनेछ।
2. नयाँ दिल्लीमा मुख्य सचिवहरुको पाचौ राष्ट्रीय सम्मेलनलाई संबोधन गर्नुहुदै श्री मोदीले भारतले चाडैनै राष्ट्रीय विनिर्माण मिशनको शुभारंभ गर्ने बताउनुभयो।
3. केन्द्रीय गृहमन्त्री अमित शाह आज बिहान एक दिवसीय भ्रमणका लागि गुवाहाटी पुग्नुहुनेछ।
4. निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियामा उत्कृष्ट योगदान पुऱ्याउने बूथ स्तरीय अधिकारिहरू (BLO) लाई पुरस्कृत गर्ने घोषणा गरेको छ।
5. हिजो तिरुवनन्तपुरममा भएको पाँच म्याचको टी- 20 महिला क्रिकेट शृङ्खलाको चौथो म्याचमा भारतले श्रीलंकालाई 30 रनले पराजित गऱ्यो।

**उपराष्ट्रपति**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज एक दिवसीय भ्रमणमा पुडुचेरी पुग्नुहुनेछ। उहाँले स्मार्ट सिटी मिसन अन्तर्गतको आवास परियोजनाको उद्घाटन गर्नुहुनेछ र कम्बन कलैरंगनमा लाभार्थीहरूलाई पाँच घरको चाबी हस्तान्तरण गर्नुहुनेछ। त्यसपछि उहाँले ईश्वरन कोइल स्ट्रिटमा रहेको भारतियार स्मारकमा महाकवि सुब्रह्मण्य भारतियारको प्रतिमाको अनावरण गर्नुहुनेछ। उपराष्ट्रपतिले कुमारगुरु पल्लम स्थलमा स्मार्ट सिटी मिसन आवास परियोजनाका लाभार्थीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। उहाँले मूलकुलममा पेटिट सेमिनार स्कूलको वरिष्ठ माध्यमिक ब्लकको उद्घाटन गर्नुहुनेछ। श्री राधाकृष्णनले कालापेटमा पुडुचेरी विश्वविद्यालयको ३० औं दीक्षान्त समारोहको अध्यक्षता गर्नुहुनेछ। त्यसपछि उहाँ तिरुवनन्तपुरम जानुहुनेछ र त्यहाँ विभिन्न कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

**प्रधानमंत्री-मुख्य सचिव**

प्रधानमंत्री नरेन्द्र मोदीले राज्यहरुलाई विनिर्माण अनि व्यापार सुगमतालाई बढ़ावा दिन तथा भारतलाई वैश्विक सेवा केन्द्र बनाउने आग्रह गर्नु भयो। नयाँ दिल्लीमा मुख्य सचिवहरुको पाचौ राष्ट्रीय सम्मेलनलाई संबोधन गर्नु हुदै श्री मोदीले भन्नु भयो भारतले चाडैनै राष्ट्रीय विनिर्माण मिशनको शुभारंभ गर्नेछ। उहाँले प्रत्येक राज्य सित यसलाई शीर्ष प्राथमिकता दिएर वैश्विक कंपनिहरुलाई आकृष्ट गर्नको लागि बुनियादी ढ़ांचा सृजित गर्न आग्रह गर्नु भयो। विकसित भारतको लागि मानव संसाधन विषय माथि तीन दिनको यो सम्मेलन यस महीनाको 26 तारीख देखि शुरू भएको थियो।

Byte

**अमित शाह गुवाहाटी भ्रमण**

बाक्लो कुहिरोका कारण उडान रद्द भए पछि हिज राति गुवाहाटी पुग्ने तयारीमा रहेका केन्द्रीय गृहमन्त्री अमित शाहको दुई दिने आसाम भ्रमण एक दिनका लागि स्थगित गरिएको छ। श्री शाह अब आज बिहान एक दिवसीय भ्रमणका लागि गुवाहाटी पुग्नुहुनेछ। आज, उहाँले गुवाहाटीमा नवनिर्मित 'शहीद स्मारक क्षेत्र' मा अवैध विदेशीहरू विरुद्ध असम आन्दोलनका शहीदहरूलाई

श्रद्धाञ्जली अर्पण गर्नुहुनेछ। त्यसपछि श्री शाह नागाव जिल्लाको बोर्दुवामा रहेको वैष्णव संत श्रीमन्त शंकरदेवको जन्मस्थल बटद्रव थान जानुहुनेछ, जहाँ उहाँले आध्यात्मिक स्थलको पुनर्विकास परियोजनाको उद्घाटन गर्नुहुनेछ। उद्घाटनपछि, गृहमन्त्रीले बोर्दुवामा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ। श्री शाह त्यसपछि गुवाहाटी फर्कनुहुनेछ, जहाँ उहाँले नयाँ पुलिस आयुक्तालय भवन र शहरको सुरक्षा सुदृढ पार्न एकीकृत कमाण्ड एण्ड कन्ट्रोल सिस्टमको उद्घाटन गर्नुहुनेछ। गृहमन्त्रीले गुवाहाटीमा ५ हजार सिट क्षमताको ज्योति विष्णु सांस्कृतिक परिसरको पनि उद्घाटन गर्नुहुनेछ।

**मनजिंदर सिंह**

दिल्लीका पर्यावरणमन्त्री मनजिंदर सिंह सिरसाले दिल्ली सरकारले शहरमा प्रदूषणसँग लड्न एआई-आधारित, डाटा-संचालित प्रणालीमा भारतीय प्रविधि संस्थान (आईआईटी), कानपुरसँग सहकार्य गर्ने सम्भावना खोजिरहेको बताउनुभयो। श्री सिरसाले यसको उद्देश्य प्रदूषण स्रोतहरू पहिचान गर्नु, तिनीहरूको प्रभावको वैज्ञानिक रूपमा मूल्याङ्कन गर्नु र समयमै कारबाही गर्नु रहेको बताउनुभयो। उहाँले यो पहलले निरन्तर निगरानी, विश्लेषण, भविष्यवाणी र कार्यलाई मार्गदर्शन गर्न सक्ने प्रणाली विकास गर्नेछ भनि बताउनुभयो। यसैबीच, दिल्ली सरकारले रिपोर्ट गरेको छ कि हिजो २५० साना र ९२ ठूला उत्पादन एकाइहरूको निरीक्षण गरिएको थियो, ६ हजार किलोमिटर भन्दा बढी सडकहरू सफा गरिएको थियो, लगभग ७ हजार सवारी साधनहरूलाई प्रदूषण चालान जारी गरिएको थियो र ५८ सार्वजनिक गुनासोहरू समाधान गरिएको थियो।

**शिया बोर्ड-बांग्लादेश**

अखिल भारतीय शिया पर्सनल लॉ बोर्डले  बंगलादेशमा हिन्दू अल्पसंख्यकहरु माथि भइ रहेको अत्याचारको निंदा गरेको छ। बोर्डले भनेको छ इस्लामले कुनैपनि निर्दोष व्यक्तिको हत्याको अनुमति दिदैन र धर्मको  नाममा यस्तो गर्नेहरुले यस विषयलाई ध्यानमा राख्नु पर्छ। लखनऊका  बड़ा ईमामबाड़ेमा  शिया पर्सनल लॉ बोर्डको  वार्षिक बैठकमा बंगलादेश अनि नेपालका उलेमा अनि  मुस्लिम विद्वानगरुको पनि उपस्थिति थियो। बोर्डका महासचिव मौलाना यासूब अब्बासले भनेका छन् बैठकमा आतंकवादको कडा शब्दमा निंदा गरिएकोछ अनि यसको सड्यन्त्र गर्नेहरुलाई मानवताको शत्रु बताइएको छ। बोर्डले आतंकवाद विरुद्ध सशक्त अभियान चलाइनु पर्ने पनि बताएकोछ।

**निर्वाचन आयो  पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियामा उत्कृष्ट योगदान पुऱ्याउने बूथ स्तरीय अधिकारिहरू (BLO) लाई पुरस्कृत गर्ने घोषणा गरेको छ।

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले प्रत्येक BLO ले आफ्नो कामको सम्मानमा निर्वाचन आयोगबाट प्रशंसा प्रमाणपत्र प्राप्त गर्ने बताउनुभयो। यस सम्बन्धमा निर्वाचन पंजीकरण अधिकारीहरू (ERO) लाई आवश्यक निर्देशनहरू जारी गरिएको छ। यी पुरस्कारहरू २५ जनवरीमा राष्ट्रिय मतदाता दिवस समारोहको अवसरमा BLO हरुलाई प्रदान गरिनेछ।

**"पब्लिक स्पिक"**

आकाशवाणीको समाचार सेवा विभागले आज राति ९:३० बजे फोन-इन कार्यक्रम "पब्लिक स्पिक" मा विकसित भारत - रोजगार र आजीविका ग्यारेन्टी मिशन (ग्रामीण) ऐन, २०२५ मा चर्चा प्रसारण गर्नेछ। ग्रामीण विकास मन्त्रालयकी सहसचिव रोहिणी रामदास भाजिभाकरे ले चर्चामा भाग लिनुहुनेछ। कार्यक्रमको क्रममा, श्रोताहरूले ग्रामीण क्षेत्रमा रोजगार ग्यारेन्टी र आजीविकाका अवसरहरू सहित ऐनको प्रावधान र फाइदाहरूसँग सम्बन्धित प्रश्नहरू सोध्न सक्छन्।

प्रश्न सोध्नको लागि टेलिफोन नम्बरहरू - ०११-२३३१०४८१, ०११-२३७१७११७, ०११-२३७१७१०६ र ०११-२३३१४४४४ हुन्। प्रश्नहरू व्हाट्सएप नम्बर ९२८-९०९-४०४४ मा पनि सोध्न सकिन्छ। प्रश्नहरू X मा Ask-AIR ह्यासट्यागको साथ पनि पोस्ट गर्न सकिन्छ।

## ट्रंप जेलेंस्की बैठक

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले हिजो फ्लोरिडामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट गर्नुभयो। दुई नेताले रुससँग जारी युद्ध अन्त्य गर्ने शान्ति योजनाको बारेमा छलफल गर्नुभएको थियो। राष्ट्रपति ट्रम्पले बैठकलाई अत्यन्तै सफल भएको बताउनु हुदै शान्ति वार्तामा उल्लेखनीय प्रगति भएको बताउनुभयो । उहाँले रुस र युक्रेन दुवै युद्ध अन्त्य गर्न चाहेको पनि बताउनुभयो। बैठकपछि पत्रकारहरूसँग कुरा गर्नुहुदै श्री ट्रम्पले आगामी केही हप्तामा शान्ति वार्ता पूरा हुने बताउनुभयो। उहाँले यस बैठकको क्रममा धेरै युरोपेली नेताहरूसँग फोनमा कुरा गरेका बताउनुभयो। बैठक अघि श्री ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पनि लामो कुराकानी गर्नुभयो।

युक्रेनका राष्ट्रपति जेलेन्स्कीले सुरक्षा ग्यारेन्टीहरू दिगो शान्ति पुनर्स्थापनाको लागि एक प्रमुख सर्त रहेको बताउनुभयो। राष्ट्रपति ट्रम्पसँगको भेटपछि एक सामाजिक सञ्जाल पोस्टमा श्री जेलेन्स्कीले वार्तालाई अन्तिम रूप दिन सकेसम्म चाँडो वार्ता गर्ने सहमति भएको बताउनु भयो।

## क्रिकेट

हिजो तिरुवनन्तपुरममा भएको पाँच म्याचको टी- 20 महिला क्रिकेट शृङ्खलाको चौथो म्याचमा भारतले श्रीलंकालाई 30 रनले पराजित गऱ्यो। यो जितसँगै भारतले 4-0 को अग्रता लिएको छ। पहिले ब्याटिङ गर्दै भारतीय टिमले निर्धारित 20 ओभरमा 2 विकेट गुमाएर 221 रन बनाएको थियो। जितका लागि 222 रनको लक्ष्य पछयाउँदै श्रीलंकाले 6 विकेट गुमाएर 191 रन मात्र बनाउन सकेको छ।

स्मृति मन्धाना प्लेयर अफ द म्याच प्रदान गरियो। शृङ्खलाको पाँचौं तथा अन्तिम म्याच भोलि तिरुवनन्तपुरममा खेलिनेछ।

****** ० ******